का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ चैत २०८१,
सोमबार
31 March, 2025
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ५७ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

# छिन्नभिन्न राजावादी आन्दोलन



**निमिष झा/मध्यान्ह**
काठमाडौं, १७ चैत ।

राजतन्त्र फर्काउन राजावादीहरूले गरेको आन्दोलनले विध्वंश मच्चाएपछि आन्दोलनको नेतृत्व र स्वरूपमाथि प्रश्न उठ्न थालेको छ ।

राजावादीहरूको आन्दोलनको कमान्डर बनाइएका 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'का संयोजकसमेत रहेका मेडिकल व्यवसायी दुर्गा प्रसाईं शुक्रबारको प्रदर्शनपछि भूमिगत छन् भने पूर्वराजा ज्ञानेन्द्र शाहको निगाहमा बनेको 'राजसंस्था पुनर्स्थापना संयुक्त जनआन्दोलन समिति'का संयोजक नवराज सुवेदी शुक्रबारको प्रदर्शनपछि प्रहरीको नजरबन्दमा छन् ।

राजा फर्काउने ठूलै योजनामा रहेका राजावादीहरूका यी २ 'शीर्ष' भनिएका नेताहरूको पृष्ठ २ मा

### नेतृत्वविहीन अभियान

राजावादीहरूको राजा फर्काउने अभियानले पहिलो प्रदर्शनमै धक्का खाएको छ । प्रसाईं फरार छन् भने सुवेदी नजरबन्दमा रहँदा अभियान कसरी अगाडि बढ्ने भन्ने ठोस योजना उनीहरूसँग छैन । यस्तो परिस्थितिमा झन्डै २ दशकअघि जनआन्दोलन पृष्ठ २ मा

### २ धारमा राप्रपा

पछिल्लो आन्दोलनको खाका कोरिँदै गर्दादेखि राप्रपाभित्र २ वटा फरक धार देखिएका छन् । शुक्रबारको प्रदर्शनमा यो सार्वजनिक रूपमा पनि प्रकट भएको छ । पृष्ठ २ मा

प्रसाईंको मतियार प्रचण्ड हुँदा पनि विरोध गरियो । ओली हुँदा पनि विरोध गरियो र ज्ञानेन्द्र शाह हुँदा पनि विरोध गरियो । यस्ता तल्ला स्तरका मान्छेले न गणतन्त्र रक्षा गर्छन्, न त राजतन्त्र ल्याउन सक्छन्



**मुमाराम खनाल**
राजनीतिक विश्लेषक

# साढे ५ महिनापछि सभापतिमा फर्कंदै रवि

पार्टीको जिम्मेवारीमा फर्काइए पनि संसद्मा फर्कन नपाउने



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १७ चैत ।

संसद्को चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने साढे ५ महिनापछि पार्टीका काममा फर्कने भएका छन् । विभिन्न सहकारीको करोडौं रकम अपचलन गरेको आरोपमा ३ महिना प्रहरी हिरासतमा बसेका लामिछाने सोमबारदेखि पार्टीको जिम्मेवारीमा फर्कने भएका हुन् ।

लामिछाने सोमबार हुने केन्द्रीय समितिको विशेष बैठकमा सहभागी हुने कार्यसूची तय भएको रास्वपाले जनाएको छ । बदलिँदो राजनीतिक परिवेशसँगै विकसित घटनाक्रमलाई हेरेर लामिछानेलाई सभापतिको जिम्मेवारीमा फर्काउने निर्णय भएको पार्टीका नेताहरूले बताएका छन् ।

सोमबार दिउँसो ३ बजे पार्टी कार्यालय वनस्थलीमा केन्द्रीय पृष्ठ २ मा


४ वटा सहकारीबाट गोरखा मिडियामा गएको ६७ करोड अपचलन गरेको आरोपमा मुद्दा खेपेका लामिछानेलाई ४ वटा जिल्ला अदालतले २ करोड ७९ लाख धरौटीमा छुटाउन आदेश दिए पनि पर्साको सानो पाइला सहकारीको ठगीमा अनुसन्धान चलिरहेको छ

# अख्तियारले आधाले घटायो मुद्दा दर्ता

अख्तियारले मुद्दा हार्ने, आरोपीले सफाइ पाउने र नयाँ अनुसन्धान गरेर नयाँ मुद्दा अदालतमा लैजानेभन्दा पुरानै मुद्दा उपर पुनरावेदनमा अल्झिनुपर्ने समस्यामा पुगेपछि मुद्दा दर्ताको संख्यामा कमी गरिएको हो

गत आर्थिक वर्षसम्मको उपलब्धि

जम्मा मुद्दा दर्ता : ५०६




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ चैत ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ताको संख्या आधाले घटाएको पाइएको छ । गत वर्षको फागुन महिनासम्म १२२ वटा मुद्दा दर्ता गराएको अख्तियारले यस वर्षको फागुन महिनासम्म जम्मा ६३ वटा मुद्दा दर्ता गरेको छ ।

अख्तियारले भ्रष्टाचार र भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गरेर विशेष अदालतमा मुद्दा दर्ता गर्छ । तर, विशेष अदालतले अधिकांश मुद्दामा अख्तियारको दाबीअनुसार फैसला नगर्ने दर बढेपछि अख्तियार झस्किएको हो ।

अख्तियारले मुद्दा हार्ने, आरोपीले सफाइ पाउने र नयाँ अनुसन्धान गरेर नयाँ मुद्दा अदालतमा लैजानेभन्दा पुरानै मुद्दा उपर पुनरावेदनमा अल्झिनुपर्ने समस्यामा पुगेपछि मुद्दा दर्ताको संख्यामा कमी गरिएको हो ।

अख्तियार फैसला उपर पुनरावेदन/पुनरावलोकनका लागि सर्वोच्च अदालत पुग्ने गरेको छ । अख्तियारले दायर गरेका मुद्दामा विशेषबाट भएका फैसलामा चित्त नबुझेका अवस्थामा पुनरावेदन गर्न पाउँछ ।

विशेष अदालतमा मुद्दा दायर गर्ने र दाबीअनुसार विशेष अदालतले फैसला नगरिदिएपछि सर्वोच्च जानुपर्ने अवस्थाले अख्तियार सफल हुन नसक्ने निष्कर्षसहित अयोगका अधिकारीहरू कम मुद्दा लैजाने तर पुष्टि हुनेगरी मात्र लैजानुपर्ने निष्कर्षमा पुगेका हुन् । परिणाममा अख्तियारले विशेष अदालतमा दर्ता गरेको मुद्दाको संख्या आधाले घटेको हो ।

अख्तियारले दायर गरिएका मुद्दामध्ये अधिकांशमा आरोपीले सफाइ पाएका छन् भने दर्जनौं मुद्दामा माग दाबी नपुग्ने ठहर नै गरिदिएका उदाहरण छन् ।

आफूले दायर गरेका मुद्दाको दाबी नै नपुग्ने फैसला भएपछि त्यसबाट झस्किएको अख्तियारले मुद्दा दर्ताको संख्या नै कम गरेको हो ।

चालू आर्थिक वर्षको फागुन महिनासम्म ६३ वटा मुद्दा दर्ता गरेको छ जबकि गत आर्थिक वर्षको यही अवधिमा अख्तियारले १२२ वटा मुद्दा दर्ता गरेको पृष्ठ २ मा

# रहेनन् कमल कोइराला

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ चैत ।



नेपाली राजनीति, कूटनीति र पत्रकारिता क्षेत्रका विशिष्ट व्यक्तित्व कमलप्रसाद कोइरालाको ८७ वर्षको उमेरमा निधन भएको छ । दक्षिण कोरियाका लागि पूर्व नेपाली राजदूतसमेत रहेका कोइराला केही दिनअघि अचानक लडेर आईसीयूमा उपचाररत थिए ।

कमल कोइराला नेपाली लोकतान्त्रिक आन्दोलनको अगुवा परिवार कोइराला परिवारका सदस्य हुन् । जनस्तरबाट प्रधानमन्त्री बनेका मातृकाप्रसाद कोइरालाका सुपुत्र हुन् उनी ।

'नेपाल प्रजा पार्टी'को प्रमुखका हैसियतमा दोस्रो पटक प्रधानमन्त्री बनेका बुबा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा कमल भने कम्युनिस्ट आन्दोलनमा सहभागी थिए । क्रान्तिकारी सोचका कमल ४ माघ २०११ मा काठमाडौंको एक कार्यक्रममा पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# भुवनसिंह गुरुङको नेतृत्वमा एसोसिएसन र गणतान्त्रिक मञ्चको प्यानल घोषणा

## गुरुङ प्यानल नै आधिकारिक : नेका उपसभापति गुरुङ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिको आगामी निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चले तालमेलका आधारमा प्यानल घोषणा गरेका छन् ।

एसोसिएसन नेपाली कांग्रेस र मञ्च नेकपा (माओवादी केन्द्र) निकट संस्था हुन् । संघको ३१औं साधारणसभा तथा नयाँ कार्यसमितिको निर्वाचन आगामी २९ चैतका लागि तोकिएको छ । सो प्यानलको अध्यक्षमा संघका पूर्व द्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रा. लि.का संचालक भुवनसिंह गुरुङ, प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रा. लि.का संचालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस




प्रा. लि.का संचालक हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेत उम्मेदवार बनेका छन् ।

त्यस्तै, गणतान्त्रिक मञ्चका महासचिव रहेका आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे डिम्दोङ सचिव र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठ उम्मेदवार बनेका छन् । श्रेष्ठ संघको वर्तमान कार्यसमिति सदस्य हुन् ।

कार्यसमिति सदस्यमा इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी बज्राचार्य, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रा. लि.का संचालक सुमनराज पाण्डे, ग्लोबल एचआर हब प्रा. लि.की संचालका गीता राउत र युनिक ओभरसिज प्रा. लि.की संचालका तिलरूपा दाहाल उम्मेदवार बनेका छन् ।

त्यस्तै, एच. आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा र रिजा ओभरसिज प्रा. लि.की संचालक रेखा शर्मा, इगल म्यानपावर कन्सल्टेन्ट प्रा. लि.का संचालक कृष्ण ढकाल सदस्यका उम्मेदवार बनेका छन् ।

२१ सदस्यीय संघको कार्यसमितिमा २ सदस्य मञ्चको सिफारिसमा मनोनयन गर्ने एसोसिएसनसँग लिखित सहमति भएको मञ्चका कार्यबाहक अध्यक्ष ज्ञानबहादुर तामाङले बताए ।

संघका पूर्वअध्यक्ष तिलकबहादुर रानाभाटको सभापतित्वमा सम्पन्न उम्मेदवारी घोषणासभामा नेपाली काग्रेसका उपसभापति धनराज गुरुङ प्रमुख अतिथि थिए । नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियार, केन्द्रीय सदस्य एवं प्रतिनिधिसभाको राज्य व्यवस्था तथा शुसासन समिति सभापति रामहरि खतिवडा, केन्द्रीय सदस्य तथा पूर्वमन्त्री सीता गुरुङ, अब्दुल सतार, नैनसिंह महर, नेपाली कांग्रेस कास्की सभापति किशोरदत्त बरालको पनि उपस्थिति थियो । त्यसैगरी संघका प्रथम उपाध्यक्ष पृष्ठ २ मा

Vacancy Announcement

A fair and responsible foreign recruitment organization having requesting interested candidates to submit their application for the following position:

Positions:

Documentation Officer : 5 (Male/Female)

Salary 15000 to 30000

Requirement: Experienced In Related Field.

★ Interested candidates send your CV to apply:

Email: khatiwadagopal@gmail.com

Mobile No: 9842429404

ASSENT STEEL INDUSTRIES

फ्रि भिषा, फ्रि टिकट युएईमा रोजगारको अवसर

कम्पनी :ASSENT STEEL INDUSTRIES LLC    शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०८१/०५/२१    चलानी नं.:६०२२४५०१    LT. No.:310332    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Mig Welder | 80 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६६,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Structural Fitter / Fabricator | 80 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६६,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता पिस ट्रेनिङ सेन्टर, ललितपुरमा २०८१ चैत २७ र २८ गते (9 & 10 April 2025) मा हुनेछ ।

साथै यस कम्पनीको लागि Assistant Fabricator, Spray Painter, Blaster, Touch of Brush Painter, Helper, Foreman को पनि माग भएको हुनाले इच्छुक व्यक्तिहरुले निःशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd    Gov. Lic No. 1150/073/074

Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445

Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## छिन्नभिन्न...

पछिल्लो क्रियाकलापले अभियान नै नेतृत्वविहीन बनेको छ ।

राजावादी प्रदर्शनलाई ‘जनआन्दोलन’को रूप दिने भन्दै सुरु भएको अभियानमा पहिलो दिनमै हिंसात्मक गतिविधि हुनुका साथै २ जनाको मृत्यु भएपछि राजसंस्था पक्षधर शक्तिले आगामी गतिविधि अब कसरी अघि बढाउलान् भन्ने चासो बढेको छ।

सुरक्षा अधिकारीहरूका अनुसार राजावादीहरूको आन्दोलनका कमान्डर तोकिएका प्रसाईं प्रहरीको खोजी सूचीमा रहेका छन् भने संयोजक सुवेदीलाई ‘होम अरेस्ट’मा राखिएको छ ।

यद्यपि, प्रसाईंले आफू भूमिगत वा फरार नभएको भन्दै ज्यान जोगाउन लुकेको दाबी गरेका छन् ।

शुक्रबार प्रदर्शनस्थलमा एकछिन देखिएका प्रसाईं भीड अनियन्त्रित भएपछि अचानक फरार भएका थिए । उनी फरार भएपछि राजावादीहरूको प्रदर्शन हिंसात्मक भएको थियो ।

आइतबार ५ मिनेट ५८ सेकेन्डको भिडियो सन्देश जारी गर्दै उनले आफू सुरक्षाका लागि लुकेको जनाएका हुन् । ‘म भागेर कहीं कतै गएको छैन । काठमाडौंमै छु । भाग्ने व्यक्ति होइन म’, उनले भनेका छन्, ‘म यहीं काठमाडौंको कुनै मन्दिरमा बसिरहेको छु ।’

प्रसाईंले निजी घर र सम्पत्तिमा आक्रमण गर्नेभन्दा विमानस्थल र संसद् भवन नै कब्जा गर्ने आफूहरूको योजना रहेको पनि भिडियोमा दाबी गरेका छन् ।

उता, नजरबन्दमा रहेका सुवेदीको निवासलाई प्रहरीले घेरेर राखेको छ । सुवेदीलाई मोबाइल फोन र अन्य संचारका साधनबाट समेत बञ्चित गरिएको छ। उनले आइतबार आन्दोलन समितिको संयोजक पद नै हस्तान्तरण गरेका छन् । राजावादी आन्दोलनलाई गति दिन सुवेदीले डा. जगमान गुरुङलाई जिम्मेवारी हस्तान्तरण गरेका छन् । गुरुङ समितिका सल्लाहकार हुन् ।

प्रसाईं तीनकुने घटनाको मुख्य योजनाकार रहेका प्रहरीको निष्कर्ष छ । यस प्रकरणमा राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशम्शेर जबरा अहिले प्रहरीको हिरासतमा छन् । उनीहरूलाई आइतबार अदालतबाट ५ दिनको म्याद थपिएको छ ।

## नेतृत्वविहीन...

र त्यसको बलमा गठित संविधानसभाबाट गद्दीच्युत गराइएका ज्ञानेन्द्र शाहलाई पुनः नारायणहिटी फर्काउन चलाइएको अभियानको नेतृत्व अब कसले गर्ला भन्ने प्रश्न उब्जिएको हो ।

राजावादी नेताहरूले आन्दोलन जारी रहने बताए पनि आगामी आन्दोलनको प्रमुख नेतृत्वकर्ता को हो ? भन्नेमा उनीहरू अस्पष्ट छन् ।

नेपालमा हिन्दु राष्ट्र र राजसंस्था फर्काउने अभियान चलाउने समूहहरू धेरै छन् तर उनीहरूबीच एक मत नहुँदा एकल नेतृत्वको सम्भावना न्यून रहेको जानकारहरू बताउँछन् ।

शुक्रबार भएको हिंसात्मक तथा ध्वंसात्मक गतिविधिको जिम्मेवारी लिन स्वयं नेतृत्वकर्ताहरू तयार देखिएका छैनन् र सार्वजनिक रूपमै उनीहरूले यस्तो आन्दोलन नेताको नियन्त्रणमा नहुने बताइरहेका छन् ।

यस्तो परिस्थितिमा राजावादी आन्दोलनको स्वामित्व ग्रहण गर्दै परम्परागत राप्रपाले समेत आगामी अभियानको नेतृत्व सम्हाल्छ कि सम्हाल्दैन भन्ने प्रश्न उठेको छ ।

राप्रपा आफ्नो नेतृत्वमा २६ चैतमा काठमाडौंमा बाग्मती प्रदेशस्तरीय प्रदर्शन तथा आमसभा र ७ वैशाखमा काठमाडौं केन्द्रित आन्दोलन गर्ने घोषणा गरेको छ ।

## २ धारमा ...

पूर्वराजा शाहको चाहनामा सुवेदीलाई आन्दोलनको नेता बनाइएपछि राप्रपालाई यस्तो समितिलाई समर्थन गर्न नैतिक समस्या परेको थियो । आन्दोलन अघि बढाउन सुवेदीलाई नेतृत्वकर्ता मान्न लिङ्देन राजी नभए पनि वरिष्ठ उपाध्यक्ष मिश्र र महामन्त्री राणाले भने खुलेर समर्थन गरेका थिए ।

शुक्रबारको प्रदर्शनमा मिश्र र राणा सहभागी भए पनि राप्रपाका अन्य नेताहरू भने थिएनन् । यसले के देखाउँछ भने, राप्रपाको संस्थापन पक्ष सुवेदीको नेतृत्व स्वीकार गरेको छैन ।

शुक्रबारको प्रदर्शनअघि सुवेदी र प्रसाईंले निर्मल निवास पुगेर पूर्वराजा शाहलाई भेटेका थिए । ती भेटले सुवेदी र प्रसाईं पूर्वराजाद्वारा रुचाइएका नेता रहेका हुन सक्ने बुझाइ राप्रपाभित्र छ । यस विषयमा उनीहरूको असन्तुष्टि त छ नै, तर प्रकट गर्न सकिरहेका छैनन् ।

राजावादी आन्दोलनको कमान्डर तोकिएका प्रसाईंले राप्रपाप्रति तीखो आलोचना गरेका छन् । राप्रपालाई लक्षित गरी उनले भनेका छन्, ‘राजसंस्थालाई भजाएर चुनाव लडेका हुन् ।’

राप्रपाका कतिपय नेताहरूका अनुसार सुवेदी र प्रसाईं शाहको चाहनामा आन्दोलनको नेतृत्वकर्ता तोकिएकाले पार्टी अध्यक्ष लिङ्देन निर्मल निवासका कारण दल विभाजन हुने हो कि भन्ने आशंकामा छन् ।

### धुमिल विगत

पूर्वराजा शाहद्वारा कमान्डर बनाइएका प्रसाईं खासमा राजावादी होइनन् । उनी कुनै बेला नेकपाकालमा केपी शर्मा ओली र पुष्पकमल दाहाल ‘प्रचण्ड’का नजिक थिए । दुवै अध्यक्षलाई एउटै टेबलमा राखेर ‘मार्सी भात’ खुवाएको चर्चा खुब भएको थियो ।

नेकपाको विभाजनपछि उनी केही समय एमालेको केन्द्रीय सदस्य भए । माओवादीदेखि एमाले र अहिले राजावादीसम्म पुग्न उनलाई धेरै समय पर्खनुपरेन । उनको चरित्रलाई धेरैले अराजनीतिक र अवसरवादी भन्छन् ।

राजनीतिक विश्लेषक मुमाराम खनाल भन्छन्, ‘दुर्गा प्रसाईंको मतियार प्रचण्ड हुँदा पनि विरोध गरियो । ओली हुँदा पनि विरोध गरियो र ज्ञानेन्द्र शाह हुँदा पनि विरोध गरियो । यी ३ वटा शक्ति भनेका प्रसाईंको स्तरभन्दा पनि तल्लो स्तरका रहेछन् । यस्ता तल्ला स्तरका मान्छेले न गणतन्त्र रक्षा गर्छन्, न त राजतन्त्र ल्याउन सक्छन् ।’

प्रसाईंको चरित्र कुनै एक राजनीतिक शक्तिकेन्द्रलाई मान्ने र त्यसको वरिपरि रहेर अराजकता प्रदर्शन गर्ने देखिन्छ ।

प्रसाईंले राजावादी समूहका पुराना नेतालाई अप्ठचारोमा धकेलिदिएका छन्, जसका कारण उनीहरू प्रसाईंको भूमिका र आवश्यकतालाई अस्वीकार गर्न सकिरहेका छैनन् ।

विश्लेषकहरू प्रसाईंका अराजक गतिविधिले शाह पनि अप्ठचारोमा परेका हुन सक्ने बताउँछन् ।

### राज□हको मुद्दा चलाउने तयारी

प्रहरीले राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशम्शेर राणाविरुद्ध राज्यले राजद्रोहको मुद्दा दर्ता गरेको छ ।

म्याद थपका लागि जिल्ला अदालत काठमाडौंमा आइतबार पेस गरिएका उनीहरूसहित ११ जनाविरुद्ध सरकारी वकिलको कार्यालयले राजद्रोहको मुद्दा लगाउने भएको हो ।

त्यसका लागि अनुसन्धान भइरहेको सरकारी वकिल कार्यालय काठमाडौंका प्रवक्ता गोकुलप्रसाद निरौलाले बताए । राजद्रोहको अभियोग पुष्टि भए अधिकतम २५ वर्षसम्मको कैद हुन सक्ने व्यवस्था छ ।

पक्राउ परेका अन्य ३१ जनाविरुद्ध भने आपराधिक उपद्रवमा म्याद थपको तयारी छ । आपराधिक उपद्रवमा ५ वर्षसम्मको कैद सजाय हुने व्यवस्था छ ।

यता, नेपाल संयुक्त जनआन्दोलन समितिका प्रवक्ता रहेका स्वागत नेपाल हाजिरी जमानीमा छुटेका छन् । तीनकुनेमा भएको प्रदर्शनस्थलमा नेपाललाई नदेखिएको भन्दै हाजिरी जमानीमा छाडिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक अपिलराज बोहोराले जानकारी दिए ।

## साढे...

समितिका २ वटा बैठक बस्ने रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झाले जानकारी दिए । ‘पहिलो बैठकको अध्यक्षता कार्यबाहक सभापति डीपी अर्यालले गर्नुहुन्छ । दोस्रो बैठकको अध्यक्षता सभापति रवि लामिछानेले गर्नुहुन्छ’, उनले भने ।

पहिलो बैठकमा कार्यबाहक सभापति अर्यालले धन्यवाद ज्ञापन गर्ने र दोस्रो चरणमा लामिछानेको सभापतित्वमा बैठक बस्नेगरी तयारी गरिएको उनको भनाइ छ ।

बैठकमा पार्टी र सदनको गतिविधिबारे संक्षिप्त रिपोर्टिङ गर्ने, जनयात्रा कार्यक्रम, पार्टीको राजनीतिक प्रतिवेदनमा आधारित देशव्यापी जागरण र बहस, अधिवेशन/महाधिवेशन कार्यतालिका, लिडरसिप एकेडेमीको फ्लो चार्टलगायत एजेन्डामा छलफल हुने झाले मध्यान्हलाई बताए ।

यो बैठकबाटै लामिछानेलाई पुनः सभापतिको जिम्मेवारी अनुमोदन गर्ने रास्वपाले जनाएको छ । संसद् पदबाट निलम्बन भएका लामिछाने पार्टीको जिम्मेवारीमा फर्काइए पनि संसद्मा फर्कन पाउँदैनन् ।

पार्टी सभापतिको जिम्मेवारीमा फर्काइए पनि उनको मुद्दा विचाराधीन रहेकाले सांसदको जिम्मेवारीमा सदनमा फर्कने बाटो नखुलेको संसद् सचिवालयले जनाएको छ । २ कात्तिकमा पक्राउ परेका लामिछानेमाथि ३ महिना लगाएर अनुसन्धान गरी प्रहरीले मुद्दा दायर गरेको थियो ।

विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर बचतकर्ताको करोडौं रुपैयाँ दुरुपयोग गरेको अभियोगमा लामिछानेमाथि ५ जिल्लामा पक्राउ पुर्जी जारी र अनुसन्धान भएको थियो । अनुसन्धान भएका सबै जिल्ला अदालतमा उनले थुनामै रहेर प्रारम्भिक बयान दिएका थिए ।

प्रहरीले अदालतमा दायर गरेको अभियोगपत्रका आधारमा थुनछेक बहसपछि उनी ४ वटा जिल्ला अदालतले २ करोड ७९ लाख धरौटीमा छुटाउन आदेश दिएका थिए ।

लामिछानेसँग कास्की जिल्ला अदालतले ६५ लाख, काठमाडौं जिल्ला अदालतले ६० लाख, रुपन्देही जिल्ला अदालतले १ करोड र चितवन जिल्ला अदालतले ५४ लाख धरौटीबापतको रकम बैंक ग्यारेन्टी पेस गरेका थिए । उनलाई अदालतले निर्दोष होइनन् भन्ने निष्कर्ष निकाल्दै धरौटीमा छाडेको थियो ।

कास्की जिल्लाको सूर्यदर्शन सहकारी, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी, रुपन्देहीको सुप्रिम सहकारी, चितवनस्थित सहारा सहकारी र पर्साको सानो पाइला सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा आएको करोडौं रकम अपचलन गरेको आरोपसहित ५ वटै जिल्लामा मुद्दा दर्ता भएको थियो । रविविरुद्ध पर्साको सानो पाइला सहकारीको ठगीमा अनुसन्धान चलिरहेको छ ।

अदालतको आदेशअनुसार २ माघदेखि खुल्ला भए पनि उनले सार्वजनिक भाषण गर्ने आँट गरेका छैनन् । यद्यपि, बोल्ने समय आएपछि सबै कुरा सार्वजनिक गर्ने केही दिनअघि उनले प्रतिक्रिया दिएका थिए ।

धरौटीमा रिहा भएपछि लामिछाने पार्टीका कुनै पनि गतिविधिमा सक्रिय नभए पनि सोमबारदेखि उनलाई सभापतिको जिम्मेवारीमा फर्काउने तयारी भएको रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झाले जानकारी दिए ।

८ पुसमा बसेको रास्वपा सचिवालय बैठकले कार्यबाहक सभापतिको जिम्मेवारी उपाध्यक्ष डीपी अर्याललाई दिएको थियो । अर्याल कार्यबाहक सभापति भए पनि रविको अनुपस्थितिमा पार्टीका गतिविधिसमेत सक्रिय हुन नसकेको रास्वपाका नेताहरूले बताउँदै आएका छन् ।

सहकारी ठगी प्रकरणमा संसद्मा पक्ष/विपक्ष भएर महिनौं आरोप/प्रत्यारोप चलेपछि सरकारले एमालेका सांसद सूर्यबहादुर थापाको नेतृत्वमा सहकारी संस्थाको बचत रकम अपचलन सम्बन्धमा छानबिन गर्न संसदीय छानबिन विशेष समिति गठन गरेको थियो । सो समितिले ४० वटा सहकारीबाट ८७ अर्ब अपचलन भएको निष्कर्षसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो ।

प्रतिवेदनमा पूर्वगृहमन्त्रीसमेत रहेका रास्वपाका सभापति एवं गोरखा मिडिया नेटकर्व प्रा. लि.का तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेसहित दर्जन बढी व्यक्तिहरूमाथि अनुसन्धान र कारबाही गर्न सुझाव दिएको थियो, जसमा ४ सहकारीबाट गोरखा मिडियामा ६७ करोड गएको प्रतिवेदनमा उल्लेख छ । सोही प्रतिवेदनमा आधारमा लामिछानेलाई अनुसन्धानको दायरामा ल्याएको सरकारले दाबी गरेको छ ।

## अख्तियारले...

थियो । एकपछि अर्को गर्दै आफ्ना मुद्दामा दाबी नपुगेको फैसला आउन थालेपछि अख्तियारले विशेष अदालतमा मुद्दा दर्ताको संख्या नै कम गरेको हो ।

अख्तियारको प्रतिवेदनअनुसार गत आर्थिक वर्षसम्म अख्तियारले दायर गरेका मुद्दाको फैसला गर्दा ३४७ मा अख्तियारको माग दाबी पुगेको थिएन । १०४ मुद्दामा अख्तियारको दाबी आंशिक मात्र ठहर भएको थियो । २४३ मुद्दाका अभियुक्तले सफाइ पाएका थिए । १५९ वटामा मात्र अख्तियारको माग दाबी पुगेको थियो ।

गत आर्थिक वर्षभरमा अख्तियारले २०१ मुद्दा विशेष अदालतमा दर्ता गरेको थियो । विशेषबाट फैसला भएकामध्ये ९२ वटामा फैसला चित्त नबुझाएर अख्तियारले सर्वोच्चमा पुनरावेदन दर्ता गराएको थियो ।

चालू आर्थिक वर्षको ८ महिनामा अख्तियारले ६३ वटा मात्र मुद्दा लगेको हो । यो संख्या गत वर्षको तुलनामा आधाले कमी हो ।

कुनै पनि विषयमा अभियोग लगाउँदा पर्याप्त प्रमाण पुऱ्याउनुपर्ने न्यायिक सिद्दान्त छ । तर, विशेष अदालतबाट भएका फैसलामा आफ्नो दाबी नपुग्ने ठहर हुँदा अख्तियारको चित्त बुझेको छैन ।

यस कारण दाबी नपुग्ने भनिएका मुद्दामा समेत अख्तियार सर्वोच्च अदालतमा पुनरावेदन जाने गरेको छ । साथसाथै, अनुसन्धानलाई थप प्रभावकारी बनाउने र ठोस प्रमाण संकलन गरेर नयाँ मुद्दा दर्ता गर्नेतर्फ अख्तियार केन्द्रित हुन खोजेको छ ।

## रहेनन्...

सम्बोधन गर्दा पक्राउ परेका थिए । कम्युनिस्टहरू सरकारविरोधी आन्दोलनमा सहभागी भइरहँदा बुबा मातृकाको प्रधानमन्त्रित्वको सरकारले लगाएको कफ्र्यू तोड्ने क्रममा कमल पक्राउ परेका थिए ।

लोकतान्त्रिक आन्दोलन र जनअधिकारका पक्षमा वकालत गर्दा पटकपटक पक्राउ परेका कमल नेपाली पत्रकारिता क्षेत्रका पनि अग्रणी हुन् ।

नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समय समर्पण गरेका कमल पछिल्लो समय आफ्नै ढंगको जीवन बाँचिरहेका थिए । उनी केही समय दक्षिण कोरियाका लागि नेपालका तर्फबाट राजदूत पनि बनेका थिए । कोइराला २०५१ सालको मध्यावधि निर्वाचनमा मोरङ जिल्लाको क्षेत्र नम्बर- ६ बाट प्रतिनिधिसभामा निर्वाचित भएका थिए ।

# टोखा नगरपालिका र गंगालाल अस्पतालबीच मुटु रोग उपचारसम्बन्धी सम्झौता

**काठमाडौं/मस-** टोखा नगरपालिका र शहीद गंगालाल अस्पतालबीच नगरबासीको मुटु रोगको उपचार सम्बन्धी सम्झौता भएको छ । आइतबार नगरपालिकाको सभाहलमा आयोजित एक कार्यक्रमकाबीच शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र र टोखा नगरपालिकाबीच दुई पक्षीय सम्झौता भएको हो ।



नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को हिउँदे नगर सभाबाट संशोधित १० लाख बजेट विनियोजन गरी मुटु रोगको उपचारका लागि प्रतिव्यक्ति २५ हजार सहयोग प्रदान गर्ने निर्णय गरेको थियो । सोही निर्णय कार्यान्वयनका लागि अस्पतालसँग सम्झौता भएको हो ।

टोखा नगरपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने नागरिकहरुले सो सेवा प्राप्त गर्नेछन् ।

सेवा लिनका लागि नगरबासीले स्थायी बसोबास गरेको देखिने नागरिकताको प्रमाणपत्र, बसाइँसराईको प्रमाणपत्र, अतिविपन्न नागरिक भएको वडा कार्यालयको सिफारिस पत्र लिएर उपचारमा जाँदा ५० हजारसम्म नगरपालिकाले एकमुस्ट अस्पताललाई रकम उपलब्ध गराउनेछ ।

त्यस्तै नगरभित्र स्थायी बसोबास गर्ने जोसुकैले पनि मुटुको उपचार गर्दा २५ हजार सहयोग पाउनेछन् ।

सम्झौतापत्रमा मुटु रोगको उपचार गर्दा अस्पतालले नेपाल सरकारको संघीय अनुदान र प्रादेशिक अनुदानमार्फत् सञ्चालनमा रहेको निःशुल्क वा न्यून शुल्कीय उपचारको प्रक्रिया, निःशुल्क शैया तथा न्यून शुल्कीय उपचारका प्रक्रियाहरू अवलम्बन गरेश्चात वा बाहेकको थप उपचार गराउँदा मात्र नगरपालिकाको सहयोग कार्यान्वयन हुनेछ ।

बिरामीको उपचार गरेपश्चात सम्झौताअनुसारको रकम लिनका लागि अस्पतालले नगरपालिकामा आवश्यक कागजात पेस गरेर मात्र लिन सक्ने व्यवस्था सम्झौता पत्रमा उल्लेख गरिएको छ ।

आइतबारबाट असार मसान्तसम्म यो सम्झौता पत्रले काम गर्नेछ । त्यसपछि नयाँ आर्थिक वर्षमा पुनः सम्झौता नविकरण गर्नुपर्ने हुन्छ ।

सम्झौता पत्रमा टोखा नगरपालिकाको तर्फबाट नगर प्रमुख प्रकाश अधिकारी र अस्पतालको तर्फबाट कार्यकारी निर्देशक प्रा.डा.रवि मल्लले हस्ताक्षर गरेका छन् । हस्ताक्षर समारोहमा टोखा नगरपालिकाका नगर उपप्रमुख मुरारी तामाङ, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, ११ वटै वडाका अध्यक्षहरू र कार्यपालिका सदस्यहरुको सहभागिता रहेको थियो । त्यस्तै अस्पतालको तर्फबाट प्रशासन उपप्रमुख बिमला अर्याल, बरिष्ठ प्रशासकीय अधिकृत भूपाल आचार्य सहभागी भएका थिए । कार्यक्रममा बोल्दै नगर प्रमुख अधिकारीले नगरबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै मुटु रोगको उपचारमा नगरपालिकाले सहयोग गर्ने नीति लिएको बताए । कोही पनि मानिस आर्थिक अभावबाट स्वास्थ्य सेवा लिनबाट बञ्चित हुन् नपरोस् भनेर नगरपालिकाले हिउँदे अधिशेवनबाट बजेट संशोधन गरी कार्यान्वयनमा ल्याइएको प्रमुख अधिकारीले बताए । त्यस्तै अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. मल्लले नगरपालिकासँगको सम्झौताअनुसार अस्पतालले सेवा प्रदान गर्ने बताए ।

## भुवनसिंह...

डिकबहादुर खत्री (कुमार), पूर्वअध्यक्ष बलबहादुर तामाङ, प्रेमबहादुर कटुवाल, हंशराज वाग्ले, एसोसिएसनका पूर्वअध्यक्षहरू किरणकिशोर घिमिरे, यमबहादुर केसी, वैदेशिक रोजगार व्यवसायी ललितपुर समाजका अध्यक्ष वरिष्ठ व्यवसायी नवराज केसी, वैदेशिक रोजगार व्यवसायी सामाखुसी एकता समाजका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री, बैदेशिक रोजगार ब्यबसायी नेवा समाजका अध्यक्ष किशन प्रधान, वैदेशिक रोजगार व्यवसायी तमुधिंका अध्यक्ष तिर्थबहादुर केसीलगायत जातीय तथा भेगीय संस्थाका प्रतिनिधि र व्यवसायी पृष्ठभूमि भएका नेपाली कांग्रेस महासमिति सदस्य, महाधिवेशन प्रतिनिधिहरू, वरिष्ठ एवं पुराना तथा युवा व्यबसायीहरुको बाक्लो उपस्थिति थियो ।

एसोसिएसनका कार्यबाहक महासचिव तुलसी पुरीले संचालन गरेको कार्यक्रममा प्रथम उपाध्यक्ष विनोदजंग केसीले स्वागत मन्तव्य राखेका थिए ।

घोषणा सभामा नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले निर्णय गरेर उम्मेदवार बनाएको भुवनसिंह गुरुङ प्यानल नेपाली कांग्रेसको आधिकारिक रहेको बताए ।

उनले भने, ‘यहाँ केही अग्रज व्यवसायी देखिनुभएको छैन । नेपाली कांग्रेसको कुनै पनि नेताको नाम लिएर असन्तुष्टि पोख्दै आगो लगाउन पाइँदैन । संस्थागत रूपमा निर्णय गरेर आएको छ । गुरुङ प्यानल नै आधिकारिक हो ।’

उनले गुरुङ प्यानललाई जिताउन अत्यधिक पहल गर्न सबैलाई पार्टीको निर्देशन रहेको पनि बताए । उपसभापति गुरुङले निर्णय भएपछि त्यसलाई मान्नुपर्नेमा जोड दिए । उनले भने, ‘चुनाव अगाडि म प्रतिस्पर्धा गर्छु भन्न पाइन्छ तर आधिकारिक निर्णय भएपछि त्यसलाई मान्दिनँ भन्न पाइँदैन ।’


**साउदीमा रोजगार**

कम्पनी: EMIRATES RAIN INSULATION & PLASTER CONT. — शहर : Sharjah
पूर्व स्वीकृत मिति : २०८१/१२/१७ — चलानी नं.: ६०२३५४५३ — LT. No.: 321303

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Welder Grade II | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | building painter assistant | 25 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |
| 3. | Electrician Assistant | 25 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |
| 4. | Finishing Carpenter | 25 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |

अन्तर्वार्ता ट्रेनिङ इन्स्टिच्युट, नेपालगन्ज, बाँकेमा २०८१ चैत २५ गते (7 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता ट्रेनिङ इन्स्टिच्युट, जनकपुर, धनुषामा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता ट्रेनिङ इन्स्टिच्युट, इटहरी, सुनसरीमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २८ गते (10 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Metta International Pvt. Ltd.**
श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४१११२६९, ४१११२६७ Fax.: 4112978
Mobile: 9848697395, Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत**
**सेती राजमार्ग (उत्तर खण्ड)**
**चैनपुर ताक्लाकोट सडक योजना**
चैनपुर, बझाङ

**आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सूचना**

(प्रकाशित मिति २०८१/१२/१८)

यस कार्यालयबाट मिति २०८१-११-०२ गतेको सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Invitation for Bids (IFB) No.: IFB-081/82-02 सम्बन्धि सूचना अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा प्राविधिक प्रास्तावमा सफल (Responsive) भएका तपसिल बमोजिमको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८१-१२-२५ गते दिनको ठिक १:०० बजे चैनपुर ताक्लाकोट सडक योजना, चैनपुर, बझाङमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | सूचना नं. | ठेक्का नं | कामको विवरण | प्राविधिक प्रस्ताब सारभूत रुपमा प्रभावग्राही बोलपत्रदताहरुको नामावली |
|---|---|---|---|---|
| 1 | IFB-081/82-02 | SRNRP/ 337011264/081/82-07 | Road Improvement Works along Seti Rajmarg, Chainpur-Taklakot Road Section (ch. 0+000, Bhopur to 4+830), Bajhang | 1. M/S Royal Construction, Dhangadhi, Kailali<br>2. M/S SB/MUNAL/SKNS J/V, Hasanpur-5, Dhangadhi, Kailali<br>3. M/S SSN-CH-SNS JV, Baneshwor-10, Kathmandu |

योजना प्रमुख



**गरुडा नगरपालिका**
**Garuda Municipality**
**नगर कार्यपालिकाको कार्यालय**
**Office of the Municipal Executive**
गरुडा, रौतहट
Garuda, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

**बोलपत्र स्वीकृत गर्ने आश्यको संशोधन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१८ गते

यस कार्यालयबाट मिति २०८१/१२/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा ठेक्का नं. १३/२०८१/०८२ शहिद राम विश्वास जनारसी प्रतिष्ठान केन्द्र गरुडा रौतहट भवन निर्माण आश्य पत्रको सूचना प्रकाशन गरिएकोमा न्युनतम कबुल अंक १,११,९७,५०७।०७ (अक्षरेपि रु एक करोड एघार लाख सन्तान्बे हजार पाँच सय सात रुपैयाँ पैसा सात मात्र) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

# संघीय अस्पतालको आम्दानीको १ प्रतिशत स्वास्थ्य बीमा कोषमा जम्मा हुने




**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले संघीय अस्पताल विकास समितिको कूल आम्दानीको १ प्रतिशत स्वास्थ्य बिमा कोषमा जम्मा गराउने निर्णय गरेका छन् ।

स्वास्थ्य बीमा सुधारका लागि कोष वृद्धिका विभिन्न विकल्पको खोजी गरिरहेका मन्त्री पौडेलले संघीय अस्पतालको आम्दानीको १ प्रतिशत स्वास्थ्य बिमा कोषमा जम्मा गराउने निर्णय गरेका हुन् ।

आइतबार मन्त्रिस्तरीय निर्णय गर्दै मन्त्री पौडेलले स्वास्थ्य बीमा ऐनमा व्यवस्था भए पनि हालसम्म सक्रिय नभएको स्वास्थ्य बीमा कोष सक्रिय बनाउने र सो रकम कोषमार्फत नै जम्मा गराउने निर्णय गरेका हुन् । मन्त्रालयको यस तयारीलाई अर्थ मन्त्रालयले सहमति समेत दिइसकेको छ ।

यसले स्वास्थ्य बीमा बोर्डलाई थप स्रोत प्राप्तिका लागि समेत बाटो खुलेको छ । हालसम्म कोष नै सक्रिय नहुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत् प्राप्त हुने रकम नै कोषको आयस्रोत बनेको थियो । यस निर्णयसँगै कोषमा केही रकम थप हुने देखिएको छ ।

'स्वास्थ्य बीमा कोषलाई बलियो पारेर मात्र स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न सकिन्छ भन्ने हाम्रो विश्वास हो', मन्त्री पौडेलले भने, 'हामीले कोष बलियो पार्नका लागि सानो बिन्दुबाट सुधार थालेका हौं ।'

मन्त्री पौडेलले आगामी दिनमा स्वास्थ्य बीमा सुधार सुझाव कार्यदलको प्रतिवेदनमा आधारित रहेर थप सुधार कार्य सरकारले अघि बढाउने बताए । मन्त्री पौडेलले प्रगतिशील प्रिमियम, राज्यका विभिन्न स्वास्थ्य बीमा योजनाको रकमका अतिरिक्त सरकारले दिँदै आएको उपचार सहायता तथा विभिन्न तहका सरकारका नागरिक उपचार सहायतासमेत थपेर कोष बलियो पार्न सकिने राय राख्दै आएका छन् ।

मन्त्री पौडेलले बीमा सुधार सुझाव कार्यदलको प्रतिवेदन सार्वजनिक गर्दै राज्यबाट वेतन खाने कर्मचारीहरूको तलबको १ प्रतिशत कर्मचारी र बाँकी १ प्रतिशत राज्यले दिनुपर्ने र स्वास्थ्यमा असर पर्ने पदार्थको करको रकम कोषमा जाने व्यवस्था मिलाउन सकिने बताउँदै आएका छन् ।

स्वास्थ्य बीमा कोष बलियो पार्न अहिलेको निर्णयले योगदान दिने विश्वास गरिएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले बताए ।

# उदयपुरमा ठूलो परिमाणमा गाँजा बरामद



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १७ चैत

उदयपुरमा प्रहरीले बनमारा झाडीमा लुकाइ राखिएको अन्दाजी ८ सय ९१.४२३ किलोग्राम गाँजा बरामद गरेको छ । शनिबार बेलका नगरपालिका वडा नं.६ असारे मूर्ती खोलाको किनारामा रहेको बनमारा झाडीमा लुकाइछिपाइ राखेको गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय उदयपुर, ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला, सशस्त्र प्रहरी बल नेपाल वेश क्याम्प रामपुरठोक्सिला र राष्ट्रिय अनुसन्धान कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको संयुक्त प्रहरी टोलीले ३९ वटा बोराभित्र प्लाष्टिकमा बेरेर राखेको गाँजा बरामद गरेको हो । उक्त गाँजा हाल ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा राखिएको र सो कार्यमा संलग्न व्यक्तिहरुको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।


नेपाल सरकार
वैदेशिक रोजगार विभाग,काठमाडौं

**दावी विरोध सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८१/१२/१८**

यस विभागबाट केयर गिभर (स्याहारसुसार कर्ता) सम्बन्धी तालिम संचालन व्यवसाय गर्न पाउने गरी अनुमती प्राप्त **श्री लर्ड बुद्ध मल्टिपल ट्रेनिङग् इन्स्टिच्यूट प्रा.लि. (इ.प.नं. ०९/०७३/०७४)**, ललितपुर महानगरपालिका वडा नं. ३, ललितपुरले अनुमती पत्र रद्ध गरी नगद धरौटी रकम फिर्ता पाउँ भनि निवेदन दिएकोले उक्त प्रा.लि.को माग बमोजिम अनुमती पत्र रद्ध गरी धरौटी रकम फिर्ता गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी / निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**शेयर हकदाबी सम्बन्धी सूचना**

**मितिः २०८१/१२/१८ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित**

निम्न उल्लेखित शेयरधनीले यस बैंकबाट जारी भएको निम्न लिखित शेयरहरुको सक्कल प्रमाण-पत्र हराएको कारण जनाई यस बैकको शेयर शाखामा शेयरको प्रतिलिपी जारी गरी पाउनको लागि निवेदन दिनुभएको हुँदा उक्त शेयरहरु उपर निज निवेदकहरु बाहेक अन्य कसैको हकदावी लाग्ने भए आफ्नो सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकको शेयर शाखामा प्राप्त भई सक्ने गरी हकदावी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र वा रित पूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही नगरी निवेदकको माग बमोजिम नयाँ शेयर प्रमाण-पत्र जारी गरिने छ ।

| क्र.स. | शेयरधनीको नाम, थर, ठेगाना | शेयरधनी नं. | बाबुको नाम | प्रमाणपत्र नं. | कित्ता |
|---|---|---|---|---|---|
| १ | सुरेन्द्र मान प्रधान, काठमाण्डौं २२, टेबहाल (हकवालाः पुकार मान प्रधान) | ३१९५० | ललित मान प्रधान | १२४९८९ | ४२ |

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)
प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौ
फोन नं.: ०१-४५४३३७७



**युएईमा रोजगार**

कम्पनी : **MONACO STAR TECHNICAL SERVICES LLC** — शहरः **DUBAI**
पूर्व स्वीकृत मितिः २०८०/०३/२८ — चलानी नं.: ६०२०४५६९ — LT. No.:289250 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 100 | 0 | स. काममा दक्ष | 900 | ३३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २५ गते (7 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9842036587, 9869317171, 9847497631
9763228777, 9803515104, 9862504026, 9827685565, 9807322773, 9847497631, 9815604031



**CYPRUS मा रोजगार** | कम्पनीः **KATERINA MINA PRIVATE EMPLOYMENT OFFICE** — शहरः **PAPHOS**
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ — चलानी नं.: ६०२२७६७३ — LT. No.:313225 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 10 | सम्बन्धित काममा दक्ष | 400 | ५८७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ९५५४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २५ गते (7 APril 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com



**साउदीमा रोजगार**

कम्पनी : **SAEED A. BAHMDAH CONTRACTING COMPANY LTD** — शहर : **RIYADH**
पूर्व स्वीकृत मितिः २०८१/११/२३ — चलानी नं.: ६०२३५४६० — **L.T. No.: 320023**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor Masson | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **BAREZ ARABIA GENERAL CONTRACTING COMPANY** — शहर : **MAZMA**
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ — चलानी नं.: ६०२३५४५७ — **L.T. No.: 321343**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **TIGER ASIA TRAVEL & TOURISM COMPANY** — शहर : **RIYADH**
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ — चलानी नं.: ६०२३५४५५ — **L.T. No.: 321341**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administration Office Staff | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **LAMA MANZIL DECORATION & POLISHING EST.** — शहर : **ONIZAH**
पूर्व स्वीकृत मितिः २०८१/१२/०९ — चलानी नं.: ६०२३५४५८ — **L.T. No.: 320812**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **SAEED A. BAHMDAH CONTRACTING COMPANY LTD** — शहर : **RIYADH**
पूर्व स्वीकृत मितिः २०८१/११/२३ — चलानी नं.: ६०२३५४५९ — **L.T. No.: 320022**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Installation Of Wooden Floor Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत २५ गते (7 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१८**

**के.बि. फर्मा प्रा.लि.** को २०८१/११/२५ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फार्माक्लिनिक्स मेडिकल एण्ड डेण्टल सेन्टर प्रा.लि. (प्रा.लि. नं.: २८४१९६)** कायम गर्ने गरी मिति २०८१/१२/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**मोटरसाईकल हराएको सूचना**

मिति २०८१/११/२६ गते अन्दाजी २०:२४ बजेको समयमा काठमाडौं जिल्ला काठमाडौं म.न.पा.वडा नं-२६ टाउन प्लानिङ स्थित सडकमा पार्किङ गरी राखेको बा.प्र. ०२–०५२ प ८९४२ नम्बरको कालो रङको 200cc NS मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।
**सवारी धनी** : राजेन्द्र खड्का
**ठेगाना** : भरतपुर म.न.पा-६, चितवन
**च्यासिस नं.**: MD2A36FX2RCE97712
**इन्जीन नं.**: JLXCRE86136
**सम्पर्क** : ९८५१०८९०३३



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बढुवा समितिको सचिवालय, रुकुम (पूर्वी भाग)

**कर्मचारी बढुवा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१८)**

लोक सेवा आयोग, देहायको सूचना नं. सेवा, समूह, श्रेणीको रिक्त पदहरुमा बढुवा समितिको मिति २०८१/१२/१७ गतेको निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारलाई सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४ (च) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाः**
बढुवा सूचना नं. २२२/०८१-८२ नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं. प्रथम श्रेणी नायव सुव्वा वा सो सरह ।

| योग्यताक्रम | उम्मेदवारको नाम थर | क.सं.नं. | कूल प्राप्ताङ्क | सिफारिस गरिएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | गोपर्धन बुढा | १९७९४७ | १०० | जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्वी भाग) | |

**२. कार्यक्षमताको मल्याङ्कनद्वारा हुने बढुवाः**
बढुवा सूचना नं .२८८-१८०/८२ नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं. प्रथम श्रेणी नायव सुव्वा वा सो सरह

| योग्यताक्रम | उम्मेदवारको नाम थर | क.सं.नं. | कूल प्राप्ताङ्क | सिफारिस गरिएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | नरेश कुमार ओली | २१९३७५ | १०० | जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्वी भाग) | |



**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना**

प्रकाशित मिति : २०८१/१२/१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०५ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/१२/१७ को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०६/०५ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** रौतहट जिल्ला, साविक मलाही गा.वि.स. वडा नं. २ ख हाल गरुडा न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, गौर नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा गौर, रौतहटमा मिति २०७४ साल माघ महिना १० गते रोज ४ मा प्रा.फ.नं. ५८२५/३७१/१२ गरुडा, तथा आन्तरिक राजश्व कार्यालय, सिमरामा मिति २०७४/१०/१२ मा स्थायी लेखा नम्बर (PAN) ६०१७४०६९९ अन्तर्गत दर्ता कायम भएको **रुपेश एण्ड शुभम निर्माण सेवा** ।

**२.** रौतहट जिल्ला, साविक मलाही गा.वि.स. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा मिति २०७१ साल बैशाख महिना ०९ गते रोज ३ मा प्रा.फ.नं. ४१४४/२०८ तथा आन्तरिक राजश्व कार्यालय, सिमरा र करदाता सेवा कार्यालय, गौरमा मिति २०७१/०१/०९ मा स्थायी लेखा नम्बर (PAN) ६०१७४०६९९ अन्तर्गत दर्ता कायम भएको **पनिलाल मत्स्य प्रजनन केन्द्र** ।

**ऋणी, प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताको विवरण**

चुल्हाई सहनीको नाति, अनुप सहनीको छोरा, रौतहट जिल्ला, मलाही न.पा./गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३ बस्ने **पनिलाल सहनी** (ना.प्र.नं. ९२४, जारी मिति २०५४/०५/२९, जि.प्र.का. रौतहट) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. अनुप सहनीको बुहारी, पनिलाल सहनीको पत्नी, रौतहट जिल्ला, मलाही न.पा./गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३ बस्ने **तेतरी कुमारी देवी** (ना.प्र.नं. ५५६०, जारी मिति २०५९/०१/०३, जि.प्र.का. रौतहट) ।

२. चुल्हाई सहनीको नाति, अनुप सहनीको छोरा, रौतहट जिल्ला, मलाही न.पा./गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३ बस्ने **छविलाल सहनी** (ना.प्र.नं. १८१४, जारी मिति २०६३/०५/२१, जि.प्र.का. रौतहट) ।

३. अनुप सहनीको बुहारी, छविलाल सहनीको पत्नी, रौतहट जिल्ला, गरुडा न.पा./गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३ बस्ने **ललिता कुमारी सहनी** (ना.प्र.नं. ३२-२-७३-१४१३, जारी मिति २०७३/१०/१७, जि.प्र.का. रौतहट) ।

४. चुल्हाई सहनीको बुहारी, अनुप सहनीको पत्नी, रौतहट जिल्ला, मलाही न.पा./गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३ बस्ने **संझा देवी** (ना.प्र.नं. ३२३०९४/११२, जारी मिति २०६३/१०/०४, जि.प्र.का. रौतहट) ।

५. निसु सहनीको नाति, चुल्हाई सहनीको छोरा रौतहट जिल्ला, मलाही न.पा./गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३ बस्ने **अनुप सहनी** (ना.प्र.नं. ७७६, जारी मिति २०४६/१०/०६, जि.प्र.का. रौतहट) ।

**धितोको विवरण**

१. **ऋणी रुपेश एण्ड शुभम निर्माण सेवा, ऋणी पनिलाल मत्स्य प्रजनन केन्द्र र ऋणी पनिलाल सहनीको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** संझा देवी (ना.प्र.नं. ३२३०९४/११२, जारी मिति २०६३/१०/०४, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक मलाही गा.वि.स. वडा नं. २ (नक्सा सिट नं. २ ख) स्थित कि.नं. ३११ को क्षेत्रफल ०-३-१८½ (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **ऋणी रुपेश एण्ड शुभम निर्माण सेवा, ऋणी पनिलाल मत्स्य प्रजनन केन्द्र र ऋणी पनिलाल सहनीको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** अनुप सहनी (ना.प्र.नं. ७७६, जारी मिति २०४६/१०/०६, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक मलाही गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ६१ को क्षेत्रफल १-१-१० (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. **ऋणी रुपेश एण्ड शुभम निर्माण सेवा, ऋणी पनिलाल मत्स्य प्रजनन केन्द्र र ऋणी पनिलाल सहनीको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** अनुप सहनी (ना.प्र.नं. ७७६, जारी मिति २०४६/१०/०६, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक मलाही गा.वि.स. वडा नं. २ (नक्सा सिट नं. २ ख) स्थित कि.नं. २७४ को क्षेत्रफल ०-९-५ (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. रुपेश एण्ड शुभम निर्माण सेवाको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५. पनिलाल मत्स्य प्रजनन केन्द्रको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी रुपेश एण्ड शुभम निर्माण सेवा कायम भएको नारायणी यातायात कार्यालयमा दर्ता कायम रहेको तपसिल बमोजिमको सवारी साधनहरु :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| HCV TIPPER LPK2518HD/38/BS3 (2019) | ना ८ ख ५९४१ | 81M63758679 | MAT448137K3R01172 |
| HCV TIPPER LPK2518HD/38/BS3 (2019) | ना ८ ख ५९५४ | 91B63766456 | MAT448137K3R04517 |

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/०१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/०२ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन : ०५५-५४०६३०
Website : www.siddharthabank.com



**मकालु डिष्ट्रिब्युटर प्रा.लि.**
**कम्पनी खारेजी गरिएको लिक्विडेटरको सूचना**

उपरोक्त विषयनुसार कम्पनी ऐन बमोजिम दर्ता नं मिति २०७५/०१/३१ गत का दिन कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर मा. **(प्रा.लि. दर्ता न १८९२०४/०७४/०७५)** भएको **मकालु डिष्ट्रिब्युटर प्रा.लि.** कम्पनीको विशेष साधारण सभाद्वारा मिती २०८१/१२/१४ को निर्णय अनुरूप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वोच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी वक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगानाः बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेलः** rokayasherbahadur723@gmail.com



**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१२/१८ गते**

कालिका सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड १ थान १२.१० क्यु फि, बी ग्रेड ११ थान १२४.६९ क्यु फि, सी ग्रेड ३२ थान १६२.७४ क्यु फि गरि जम्मा ४४ थान २९९.५३, असना काठ ए ग्रेड ६ थान ९७.६७ क्यु फि, बी ग्रेड ३७ थान ५२८.९७ क्यु फि, सी ग्रेड ५ थान २५.८ क्यु फि गरि जम्मा ४८ थान ६५२.४४ थान, जंगली सिसौ काठ ए ग्रेड १० थान ६८.७२ क्यु फि, बी ग्रेड २५ थान १०१.२९ क्यु फि, सी ग्रेड १४ थान ७१.१७ क्यु फि गरि जम्मा ४९ थान २४१.१८ थान गरि जम्मा काठ १४१ थान ११९३.१५ काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कालिका सामुदायिक वन उपभोक्ता समूह, बराहाताल गा.पा ५, सुर्खेत**

मध्यान्ह
www.madhyanhadaily.com
१८ चैत २०८१ सोमबार
31 March 2025, Monday

## सम्पादकीय

# त्रिविमा राजनीतीकरणको हद

त्रिभुवन विश्वविद्यालयको उपकुलपति पदबाट प्रा.डा. केशरजंग बरालले राजीनामा दिएका छन् । पदबाट राजीनामा बुझाएर बराल भने सम्पर्कबाहिर छन् । उनी सम्पर्कबाहिर रहेकाले राजीनाबारे थप विमर्श भइरहेको छैन । तर, बरालको राजीनामा र त्यससँग जोडिएको विषयमा पर्याप्त विमर्श आवश्यक छ । उनले पदबाट राजीनामा बुझाउनुको पृष्ठभूमिकै कारण पनि यो विषयमा पर्याप्त छलफल आवश्यक परेको हो किनकि उनको राजीनामा त्रिविको राजनीतिमा भइरहेको राजनीतिसँग जोडिएको छ । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा बराल त्रिविको उपकुलपति नियुक्त भएका थिए । उनको नियुक्तिलाई लिएर अहिलेका सत्तारूढ नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरू असन्तुष्ट थिए । विशेषगरी एमालेमा धेरै असन्तुष्टि थियो ।

एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले सार्वजनिक रूपमै बरालको कार्यसम्पादनलाई लिएर असन्तुष्टि जनाउँदै आएका थिए । कुलपतिसमेत रहने प्रधानमन्त्री ओली सहभागी भएको त्रिवि सिनेट बैठकमा दलीय पक्षधरता राखेर मतभेद नै भएको थियो । प्रधानमन्त्री ओलीप्रति असन्तुष्टि जनाएर गरिएको प्रश्नलाई सार्वजनिक गरिएपछि उपकुलपति बरालसँग एमालेको दुरी झनै बढेको थियो । माओवादी बरालको पक्षपोषण गर्ने र सत्तारूढले असहयोग गर्ने प्रवृत्ति सार्वजनिक रूपमै छताछुल्ल बनेको थियो । अन्ततः उपकुलपति पदबाट राजीनामा दिएर बराल बाहिरिएका छन् र सत्तारूढलाई नयाँ उपकुलपति नियुक्त गर्ने बाटो खुलेको छ । झट्ट हेर्दा सामान्य लागे पनि यो निकै गम्भीर कुरा हो ।

त्यसै पनि त्रिविको गुणस्तरमाथि प्रश्न उठ्दै आएको छ । थप शिक्षाका निम्ति बिदेसिने दर बढिरहँदा त्रिविमा भइरहेको राजनीतीकरणको प्रशंग उठ्ने गरेको थियो । अति राजनीतिकरणकै कारण त्रिविको क्यालेन्डर प्रभावित हुने र योग्य जनशक्ति निर्माण हुन नसकेको टिप्पणी हुने गरेको थियो । कर्मचारी नियुक्ति सधैं विवादमा पर्ने गरेको छ । क्याम्पस प्रमुख नियुक्तिको विवादले शैक्षिक वातावरण बिग्रनु सामान्य जस्तै भइरहेको छ । अझ उपकुलपति पदमै दलीय निकटताका कारण नियुक्त हुने अथवा राजीनामा दिनुपर्ने परिस्थिति निकै गम्भीर हो । त्रिविलाई यस्तो प्रवृत्तिले धरासायी बनाउँछ, सुधार गर्दैन । तसर्थ, बराल राजीनामा प्रकरणमा सघन विर्मश गरिनुपर्छ । आगामी दिनमा यस्ता कमजोरी हुन नदिन पनि यो विषयलाई एउटा निचोडमा लैजानुपर्छ ।

# ट्राफिक व्यवस्थापनभित्रको कठिनाइ

*ट्राफिकसम्बन्धी ऐन कानुनहरुको न्यूनताले सर्वसाधारण र ट्राफिकबीचको असामञ्जस्य, असमझदारी बढ्दै गएको हुनाले यससम्बन्धी समय सापेक्ष, व्यावहारिक ऐन कानुनको निर्माण गर्नु आजको टड्कारो आवश्यकता देखिएको छ...*

अग्रलेख



● झलक शर्मा

सडक प्रयोगकर्ताहरूमा अनुशासन परिपालना गर्न ट्राफिक व्यवस्थापन प्रभावकारी हुनु जरुरी छ। विकसित र विकासशील उपत्यका, शहर एवं ग्रामीण भेगमा दिन प्रतिदिन सवारी चाप बढ्दै गएको छ । अव्यवस्थित बस्ती, शहर, सीमित साँघुरा सडक, गल्ली, बढ्दै गएको जनसंख्या, सवारी चापका कारण ट्राफिक व्यवस्थापन गर्न चुनौतीपूर्ण बन्दै गएको छ ।

ट्राफिक व्यवस्थापन सडक प्रयोगकर्ताको जीउ-धनको रक्षा गर्न उद्यत रहन्छ। सडक र सवारी नियम पालना गराउनुका साथै यात्रुलाई सुरक्षित रूपमा गन्तव्यमा पुर्‍याउने ध्येय ट्राफिक प्रहरीले राखेको हुन्छ। नेपालमा सार्वजनिक, सरकारी, निजी, संस्थागत, गैरसरकारी, पर्यटकीय तथा केही विदेशी नियोगका सवारी साधनहरू सडकमा गुड्ने गर्छन् । नेपाली सडकहरू कार्यालय समयमा बढी जाम हुने गर्छन् ।

सार्वजनिक यातायातहरूमा यात्रुको अत्यधिक भीडभाड हुने, त्यसमा पनि सवारी चालक र सहचालकको लापरबाहीले सवारी दुर्घटनालाई निम्त्याइरहेको अनुमान गरिन्छ । यसमा यात्रुले गर्ने लापरबाही पनि समाहित गर्नुपर्छ ।

निजी सवारी साधनमा चालकको अनुभवको कमी, अनुमतिपत्र नलिई सवारी साधन गुडाउने गरेको पाइन्छ। सवारी साधन चलाएको समयमा मोबाइल फोन चलाउने, धुम्रपान, मद्यपान एवं सुर्तीजन्य पदार्थको सेवन गर्ने बानी केही सवारी चालकहरूमा देखिन्छ ।

काठमाडौं उपत्यकाका सडक गल्लीहरूले सवारी चाप थेग्न नसक्ने अवस्थामा पुगेका छन्। सडकहरू जीर्ण अवस्थामा रहेकाले झन् सवारी दुर्घटना बढ्ने गरेको छ। सरकारी निकायको समन्वय र सहकार्यबिना नै टेलिफोन, पानीको पाइप, ढल, बिजुलीका तारहरू सडकमा नै विच्छ्याउनाले सडक धुलाम्मे बन्ने, त्यसको समयमा नै व्यवस्थापन गर्न नसक्दा खाल्डाखुल्डी बन्ने समस्या देखापरेको छ। यसले पैदल यात्री र सवारी चालक दुवैलाई कठिनाइ उत्पन्न भएको छ ।



त्यसमाथि वर्षायाममा सडक बिग्रने, भासिने, पहिरो जानाले यात्रुहरूले सकुशल यात्रा गर्न सकेका देखिँदैन । दिगो विकासलाई ख्याल नै नगरी सडक निर्माण गर्ने कार्यले दीर्घकालीन असर पर्दै जाँदा ट्राफिक व्यवस्थापनमा जटिलता थपिएको छ। प्रायः काठमाडौं उपत्यकामा फ्लाई रुट, ओभरपास, स्काई ब्रिज निर्माण तथा सडक विस्तार परियोजनाले गर्दा सवारी जाम हुने गरेको छ ।

त्यस्तै, प्रतिष्ठित व्यक्तिको सवारीमा अपनाउने सुरक्षा, त्यसको ट्राफिक व्यवस्थापनले गर्दा पनि ट्राफिक जाम भई सर्वसाधारणले सास्ती भोग्नुपरेको तीतो यथार्थ छ । आर्थिक वर्षको अन्त्यमा मात्र विकास निर्माणका काम गर्ने असारे विकासले पनि सडक भासिने, गुणस्तरीय नबन्ने स्थिति देखिन्छ। एकातर्फ नियमनकारी निकायका केही समूह र व्यक्तिले नियमनका नाममा गरिने जाँचले पनि दुर्घटना बढाएको छ । मनलाग्दो ढंगबाट सडकका अप्ठ्यारा ठाउँमा ट्राफिक प्रहरी बसेर जाँच गर्ने गतिविधिले पनि झन् दुर्घटना बढ्दो देखिन्छ ।

ट्राफिकले अनावश्यक रूपमा जाँच गर्ने, नियम कानुनको प्रवर्द्धन, प्रचार नगरी सडकमा उभिँदा सवारी चालक र ट्राफिकबीच झैझगडा हुने पनि गरेका घटनाहरू देखिन्छन् ।

केही सवारी चालकहरू बिनागल्ती कारबाहीमा परेका वा पर्ने गरेका उदाहरण हामीमाझ छन् । ट्राफिक संकेत, चिह्नहरू सडकमा नराख्ने र गल्ती देखाई पैसा असुल्ने केही ट्राफिक प्रहरीको ज्यादतीबाट सवारी चालकहरू पीडित बन्ने गरेका पनि छन् ।

ट्राफिक प्रहरीले शब्द पनि अश्लील प्रयोग गर्ने, डर-त्रास देखाउने, आत्मसम्मानमा ठेस पुर्‍याउने गलत नियत पनि देखिएको छ । त्यस्तै, यात्रु बढी राख्ने र बढी पैसा कमाउने होडबाजीले तीव्र गतिमा सवारी साधन चलाउने, बीच बाटोमा नै रोक्ने, सिट बेल्ट नलगाउने, छतमा यात्रु राख्ने अझै पनि देखिँदै आएको छ ।

विवाह, सामाजिक कार्य, विजय उत्सव, मृत्यु शोकमा छतमा अधिक मान्छे बसेर यात्रा गर्ने गरेका पनि देखिन्छ। यसले थप दुर्घटना निम्त्याउन सक्ने जोखिम रहन्छ। सडकमा ड्युटीमा खटिएका ट्राफिकको आँखा छल्ने, ट्राफिक नियम उल्लंघन गर्दा बहादुरी ठान्ने प्रवृत्ति अझै पनि हामीमाझ छ ।

ट्राफिक नियम पालना गर्नुपर्ने नागरिकको दायित्व हो तसर्थ सबै जनमानसमा दायित्वबोध हुनुपर्छ। बढी दण्ड, जरिमाना वा चिट काटेर मात्र ट्राफिक व्यवस्थापन प्रभावकारी हुँदैन। यसले त ट्राफिक प्रहरीमाथि हेर्ने दृष्टिकोण प्रतिशोधपूर्ण हुन सक्छ ।

ट्राफिक प्रहरीले चालक अलमलिने, झुक्किने नियम बनाएर च्याँखे थाप्ने गलत नियतको पनि अन्त्य गर्नुपर्छ। ट्राफिक कार्यालयले भ्रष्टाचारप्रति शून्य सहनशीलताको सिद्धान्तलाई अक्षरशः पालना गर्दै भइरहेको ट्राफिक जनशक्तिको समुचित परिचालन गर्नु जरुरी छ ।

ट्राफिक नियम उल्लंघनकर्ताहरूलाई गरिने कानुनी कारबाहीमा निष्पक्षता, कडाइ गरिनु उपयुक्त हुन्छ । त्यस्तै, ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनीकरणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने, स्कुल, कलेज, विश्वविद्यालयहरूमा ट्राफिक व्यवस्थापनसम्बन्धी पाठ्यक्रमको विकास गर्ने, समुदायहरूमा तालिमहरू प्रदान गर्नु अपरिहार्य छ । चालक तथा सवारी साधनको स्वास्थ्य र यान्त्रिक परीक्षण अनिवार्य गराउनु आवश्यक छ ।

आदेशमूलक तथा प्रतिबन्धात्मक ट्राफिक चिह्नहरूलाई चालक, यात्रुले देख्ने र बुझ्नेगरी सडकका छेउछाउमा राख्नुपर्छ। तीव्र गति नियन्त्रण गर्न ट्राफिक प्रहरीले प्रयोग गर्ने स्पिड गन, मदिरा सेवन गरे/नगरेको पत्ता लगाउने यन्त्र ब्रेथलाइजर, जेब्रा क्रस र लेनको प्रयोग अनिवार्य बनाउनुपर्छ ।

चालकलाई सचेत र संवेदनशील बनाउन बेलाबखतमा तालिम तथा गोष्ठीको आयोजना गर्नु जरुरी छ। सवारी चालक अनुमतिपत्र प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरको मापदण्ड लागू गर्ने, सोबमोजिमको परीक्षा प्रणालीको विकास गर्नुपर्छ ।

> ट्राफिक नियम पालना गर्नुपर्ने नागरिकको दायित्व हो तसर्थ सबै जनमानसमा दायित्वबोध हुनुपर्छ । बढी दण्ड, जरिमाना वा चिट काटेर मात्र ट्राफिक व्यवस्थापन प्रभावकारी हुँदैन । यसले त ट्राफिक प्रहरीमाथि हेर्ने दृष्टिकोण प्रतिशोधपूर्ण हुन सक्छ...

हालसालै सडक दुर्घटना तथ्यांकलाई एकीकृत गरी सुरक्षित गर्न रोड एक्सिडेन्ट इन्फर्मेसन म्यानेजमेन्ट सिस्टम संचालनमा ल्याउने प्रयास गरिएको छ । सो सफ्टवेयर संचालन तथा ट्राफिक व्यवस्थापनलाई सरल बनाउन नेपाल प्रहरी र राष्ट्रिय सडक सुरक्षा परिषद्बीच समझदारी भएको छ। यो सफ्टवेयर संचालनबाट दुर्घटना न्यूनीकरणमा सहयोग हुन सक्ने अनुमान गर्न सकिन्छ ।

ट्राफिक व्यवस्था अस्तव्यस्त हुँदा ध्वनि, वायु प्रदूषणका असर देखिने हुँदा त्यसको कुशल व्यवस्थापन हुनु जरुरी छ। ट्राफिक व्यवस्थापनमा जनसहभागिता र संलग्नतालाई प्रोत्साहन गर्दै जनचेतनालाई अभिवृद्धि गर्नु जरुरी छ । विगतमा भएका दुर्घटनाहरूको अध्ययन, अनुसन्धान तथा सर्वेक्षण प्रतिवेदनले दिएका सुझावलाई मनन गर्दै कार्यान्वयन गर्नु/गराउनुपर्छ । आजभोलि ट्राफिक प्रहरीसम्बन्धी विभिन्न मोबाइल एप्सहरू चलनचल्तीमा छन्, तिनको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ । ट्राफिकसम्बन्धी ऐन, कानुनहरूको न्यूनताले सर्वसाधारण र ट्राफिकबीचको असामञ्जस्य, असमझदारी बढ्दै गएको हुनाले यससम्बन्धी समय सापेक्ष, व्यावहारिक ऐन, कानुनको निर्माण गर्नु आजको टड्कारो आवश्यकता देखिएको छ । ट्राफिक व्यवस्थापनले शहरको सौन्दर्य, जनचेतनालाई झल्काउने हुँदा यसको प्रभावकारी व्यवस्थापन गर्नु आवश्यक देखिएको छ। ट्राफिक सेवाको आवश्यकता ठूला व्यस्त शहरमा मात्र नभई ग्रामीण भेगमा समेत महसुस भइरहेको छ । तसर्थ, ट्राफिक सेवा सबै स्थानीय तहमा उपलब्ध गराउनु औचित्यपूर्ण हुन सक्छ ।

## इतिहासमा आज

३१ मार्च १८२२ मा ओटोमन साम्राज्यका सिपाहीहरूले चिओसको ग्रिक टापुमा नरसंहार गरेका थिए ।



३१ मार्च १८५० मा अमेरिकी जनसंख्या २ करोड ३१ लाख ९१ हजार ८७६ पुगेको थियो ।



३१ मार्च १८६६ मा चिलीको भल्पाराइसोको बन्दरगाहमा स्पेनी नौसेनाले बमबारी गरेको थियो ।



३१ मार्च २०२१ मा न्युयोर्कले गाँजालाई मनोरञ्जनात्मक प्रयोगका लागि वैधानिकता दिएको थियो ।



# इद पर्व र वैज्ञानिक आधार

विचार



● मोहम्मद जाकिर हुसैन

*साइबर सुरक्षालाई सुदृढ पार्न सरकारले सूचना प्रविधि ऐनलाई अद्यावधिक गर्दै, साइबर सुरक्षा विभागलाई थप सशक्त बनाउनुपर्ने देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो साइबर डिफेन्स प्रणालीलाई सुधार गर्नुपर्ने आवश्यकता छ...*

इदको चन्द्रमा उदाउने विषयमा विभिन्न हदीसको आशय बुझ्न यस संक्षिप्त विश्लेषणले सहयोग पुर्‍याउने छ । कइदको चन्द्रमा देखिने वा नदेखिने विषयमा इस्लामीशास्त्र (हदीस र फिक्ह)मा स्पष्ट निर्देशनहरू छन् । इस्लाममा नयाँ महिना (चन्द्र महिना) चन्द्रमा देखेर (हिलाल देखेर) निर्धारण गरिन्छ ।

### केही हदीसहरू

(१) **चन्द्रमा देखेर सौम (उपवास) सुरु गर्नु र इद मनाउनु** : हदीस : अबू हुरैरा (रजी.) को वृत्तान्तअनुसार अल्लाहका रसूल मुहम्मद (सल्ल.)ले भन्नुभयो, 'चन्द्रमा हेरेर सौम (रोजा) सुरु गर र चन्द्रमा हेरेर सौम समाप्त गर । यदि बादल लागेर चन्द्रमा देखिएन भने ३० दिन पूरा गर ।' (सहीह् अल-बुखारी, सहीह् मुस्लिम)

**चन्द्रमा देखिएको आधारमा निर्णय गर्ने** : हदीस : इब्न उमर (रजी.)को वृत्तान्तअनुसार मुहम्मद (सल्ल.)ले भन्नुभयो, 'चन्द्रमा देखेपछि व्रत (सौम) राख र जब चन्द्रमा देख्छौ तब सौम (व्रत) तोड (इद मनाऊ) । यदि चन्द्रमा देख्न कठिन भयो भने ३० दिन पूरा गर ।' (सहीह् बुखारी, सहीह् मुस्लिम)

**इस्लामी फिक्हमा भएको व्यवस्था** : (१) इस्लामी फिक्हअनुसार इद वा रमजानको सुरुवात प्रत्यक्ष चन्द्रमा देखेर नै निर्धारण गरिन्छ। वैज्ञानिक गणना सहायक हुन सक्छ तर अन्तिम निर्णय प्रत्यक्ष चन्द्र दर्शनकै आधारमा हुने छ। यदि कुनै ठाउँमा चन्द्रमा देखियो भने के सबैले मनाउनुपर्छ ? यस विषयमा फिक्ही (विधिशास्त्रीय) मतहरू फरक छन् ।

१. **हनफी ममन्यता** : यदि कुनै इस्लामी देशमा चन्द्रमा देखियो भने त्यो सबै इस्लामी मुलुकका लागि मान्य हुन सक्छ। २.. शाफई र हम्बली मान्यता : प्रत्येक क्षेत्र (देश)को आफ्नो चन्द्र दर्शन मान्य हुन सक्छ ।

निष्कर्षमा, इद वा रमजान चन्द्रमा देखेर नै निर्धारण गरिन्छ । यदि चन्द्रमा प्रत्यक्ष रूपमा नदेखिएमा ३० दिन पूरा गर्नुपर्छ। यदि कुनै ठाउँमा चन्द्रमा देखियो भने त्यसको समाचार इस्लामी नियमअनुसार प्रमाणित भएपछि मात्र मान्य हुन्छ । वैज्ञानिक गणना सहायक हुन सक्छ तर अन्तिम निर्णय प्रत्यक्ष चन्द्र दर्शनकै आधारमा गरिन्छ ।

### प्रयोगमा आधारित विज्ञान

चन्द्रमा पृथ्वीको वरिपरि परिक्रमा गर्ने भएकाले पृथ्वीका भिन्न-भिन्न स्थानहरूमा चन्द्रमा उदाउने समय फरक हुन्छ। पृथ्वीको परिधि लगभग ४० हजार ७५ किलोमिटर छ र पृथ्वी २४ घण्टामा एक पटक घुम्छ । चन्द्रमा पृथ्वीको आकाशमा एकै समयमा सबै ठाउँमा देखिँदैन तर यो अधिकतम १२ घण्टाभित्र पृथ्वीका सबै भौगोलिक क्षेत्रहरूमा उदाइसक्छ ।

### मुख्य कारणहरू :

**पृथ्वीको घुम्ने गति** : पृथ्वी आफ्नै कक्षमा घुम्ने भएकाले विभिन्न स्थानमा चन्द्रमा देखिने समय फरक पर्छ ।

**समय क्षेत्रहरू** : विभिन्न देश र भू-भागहरूको समय क्षेत्रका कारण चन्द्रमा उदाउने समय फरक हुन्छ ।

**अक्षांश र देशान्तर प्रभाव** : चन्द्रमा देखिने समय भूगोलअनुसार फरक हुन्छ ।

### निष्कर्ष

यदि चन्द्रमा एक स्थानमा उदायो भने त्यो अधिकतम १२ घण्टाभित्र सबै भूगोलमा उदाइसक्छ। विज्ञानले प्रयोगद्वारा पत्ता लगाएको यस निष्कर्षलाई मान्ने हो भने विश्वको कुनै कुनामा आज चन्द्रमा उदाइसक्यो भने नउदाएका क्षेत्रहरूमा आउने १२ घण्टाभित्र अनिवार्य रूपमा उदाइसक्छ । यस जगलाई टेकेर भोलिपल्ट विश्वका बाँकी भागमा इद मनाइनुपर्छ ।

यदि १० दिनसम्म मौसमको गडबडीले चन्द्रमा देखिएन भने अझ १० दिन इदका लागि कुर्नुपर्दैन । चन्द्रमा नदेखिए पनि ३० रोजा पूरा भएको भोलिपल्ट इद मनाउनुपर्छ । इदका दिन सौम (व्रत) सही होइन ।

**(लेखक पूर्वमन्त्री हुन् ।)**

## सामाजिक सञ्जाल



नीलकण्ठ तिवारी

नेताहरूको संस्कार र चरित्रसँग हाम्रा पनि कैयौं असहमति छन् । यो आवाज पार्टीहरूभित्र र स्वतन्त्र रूपमा पनि उठेकै छ। तर, नेपाली जनताको लामो संघर्षबाट प्राप्त गरेको यो सीमित उपलब्धि जोगाउँदै थप अग्रगमनका लागि जनता लामबद्ध हुन तयार छन् । नेतृत्वमा बस्नेलाई हेक्का रहोस् ।




विष्णु रिमाल

गणतन्त्रमा मात्र यस्तो सम्भव छ । महोत्तरीको एउटा सामान्य गाउँले परिवारका बालेन्द्र शाहले काठमाडौंका सम्भ्रान्त परिवारका सयौं वर्ष अधिनायकी शासन संचालन गर्ने शासक ज्ञानेन्द्र शाहलाई जरिमानाको पत्र काटेछन् । यो शक्ति दिन सक्ने व्यवस्थाको नाम गणतन्त्र हो ।



दिल निशानी मगर

केही थान युवाहरू काँधमा नेपालको राष्ट्रिय झण्डा बोकेर दौडिरहेका देखें । मानौं, नेपाललाई चीनले आक्रमण गरिसकेको छ र उनीहरू आफ्नो जमिन रक्षा गर्न फ्रन्टलाइनमा खटिएका छन् । तर, हैन रहेछ। तिनीहरूले त हेर्दाहेर्दै अर्ना बियर चोरेर खाए, स्याउको दानासमेत लुटेर चपाए, आइस क्रिमको डब्बा नै चुसेर हिंडे ।



बद्री नेपाल

हिजो पत्रकारलाई ज्यूँदै जलाएर, जडीबुडी औषधि कारखानामा आगो लगाएर, भाटभटेनी लुटेर आउनेहरूले फेरि अनेकन गीत गाउन थालेछन् । हो, यो व्यवस्था ल्याउन हजारौं मरेका छन्, हजारौं बेपत्ता भएका छन्, हजारौं घाइते भएका छन् । तिनै हजारौंले तिमीलाई दासबाट मान्छे बनाएका हुन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# पत्रकार र मिडियामाथिको आक्रमणप्रति महासंघ युरोप शाखाको ध्यानाकर्षण

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १७ चैत

राजसंस्थाको पुनःस्थापनको माग राख्दै राजावादी समूहले शुक्रबार काठमाडौंको तीनकुनेमा गरेको प्रदर्शनका क्रममा सञ्चारकर्मी र सञ्चारगृहमाथि भएको हिंसात्मक गतिविधि र आक्रमणप्रति नेपाल पत्रकार महासंघ युरोप शाखाले गम्भीर ध्यानार्षण गराएको छ। शाखाले एक विज्ञप्ति जारी गर्दै प्रदर्शनकारीले गरेको आगजनीमा परेर एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकले ज्यान गुमाउनु परेको घटनाप्रति दुःख व्यक्त गर्दै हिंसात्मक गतिविधिको निन्दा एवं भत्सना गरेको हो। प्रदर्शनकारीद्वारा सञ्चारकर्मीमाथि गरिएको आक्रमण, कान्तिपुर टेलिभिजन र अन्नपूर्ण पोष्टको कार्यालयमा भएको तोडफोड, हिमालय टेलिभिजनको गाडीमा गरिएको आक्रमणका साथै सार्वजनिक तथा निजी सम्पत्तिमाथिको आगजनी र लुटपाट जस्ता हिंसात्मक गतिविधि निन्दनीय भएको विज्ञप्तिमा उल्लेख छ। 'शान्तिपूर्ण आन्दोलन लोकतान्त्रिक अधिकार हो, तर पत्रकारको ज्यान लिने, सञ्चारमाध्यममाथि आक्रमण गर्ने तथा प्रेसमाथि दमन गर्ने कार्य पूर्णतः अस्वीकार्य, निन्दनीय र आपराधिक छ'शाखाका अध्यक्ष केजिन राईद्वारा हस्ताक्षरीत विज्ञप्तिमा भनिएको छ। शाखाले यस्ता हिंसात्मक गतिविधिमा संलग्नलाई तत्काल पक्राउ गरी कारबाही गर्न र प्रेस स्वतन्त्रताको रक्षा गर्दै सञ्चारकर्मी तथा सञ्चारगृहको सुरक्षा सुनिश्चित गर्न सरकारसँग माग समेत गरेको छ।

Federation of Nepali Journalists
Europe Chapter
नेपाल पत्रकार महासंघ
युरोप शाखा

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१८**

**बोन्ड बिज्नेश कन्सल्टस प्रा.लि.** को २०८१/०८/१२ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि. नं.: १३१३१३)** कायम गर्ने गरी मिति २०८१/०८/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सामाजिक विकास कार्यालय
### धनगढी, कैलाली

**E–Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकासित मितिः २०८१/१२/१७**

यस कार्यालयको आ.व २०८१/०८२ को कार्यक्रममा तपशिलका निर्माण कार्यहरु गर्नुपर्ने भएको हुँदा यो सूचना पेश गरिएको छ। विस्तृत जानकारीको लागि website: bolpatra.gov.np/egp हेर्न सकिनेछ।

| S. N. | Contract Identification Number | Description of Work | Total Cost Excluding Contingency, VAT & PS (NRs) |
|---|---|---|---|
| 1 | SDO/Works/NCB/2081/82/46 | Tikapur Baudha Gumbha Nirman Tikapur-01 KAilali | 21,33,571.94 |
| 2 | SDO/Works/NCB/2081/82/47 | Bhautik Sanrachana Nirman in Bhairabmala ma vi Mohanyal-03, Kailali | 21,19,232.17 |

**कार्यालय प्रमुख**

## Government of Sudurpaschim Province
## Social Development Office, Doti

**Invitation for Electronic Bids**

**Second Date of publication: 2081/12/18**

1. Social Development Office, Doti invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works under NCB procedures.

| S. N. | Contract No. | Works Description | Bid Document Fee and validity | Bid Security and Validity | Estimated Amount (Exclusive of VAT and Contingencies) |
|---|---|---|---|---|---|
| 1. | SDODOTI/NCB/ SB/2081/82-08 | Construction of 2 room school building at Mahakali Ma Vi Shikhar Municipality-2 Mudegaun | NRs. 3000 Validity: 90 Days | NRs. 50,000 Valid ity:120 Days | NRs. 21,33,213.49 |

**Last date & time of Bid Submission:** 2082 Baishakh 2 , 12:00, **Bid Opening Date & Time:** 2082 Baishakh 2, 13:00

3. Bank Details for Bid Document fee: - Bank: Rastriya Banijya Bank Ltd., Doti Branch, Office: Social Development Office Doti, Office Code no.: 3500171037, Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229 and
For Bid Security: - Account Name: Province Account Unit Office Doti, Dharauti Account No: 4100100202030000
4. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit www.bolpatra.gov.np/egp or SDO, Doti, Email: sdo.doti1@gmail.com Phone no.: 9862790665.

**Office Chief**

## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
## संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय
## सडक डिभिजन तुम्लिङ्गटार

**स्पष्टिकरण पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८१/१२/१८**

यस सडक डिभिजन अन्तर्गतका तपशिल बमोजिमका ठेक्काहरूको निर्माण कार्य विगत लामो समयदेखि अवरुद्ध रहेको र कार्यको प्रगतिका सम्बन्धमा निर्माण व्यवसायीलाई पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत बेवास्ता गरी निर्माण कार्य अधुरो छाडी हालसम्म ठेक्का फरफारक गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले ठेक्का सम्झौताका शर्त तथा प्रचलित कानून बमोजिम कारवाही किन नगर्ने ? कुनै मनासिब आधार, कारण तथा प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिनभित्र यस डिभिजनमा आवश्यक कागजात तथा निर्माण व्यवसायीका तर्फबाट डिभिजनलाई तत् तत् समयमा भएका निवेदन/पत्राचार/जानकारी लगायतका सबै विवरण पेश गरी लिखित स्पष्टिकरण पेश गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा ठेक्का सम्झौताका शर्त तथा प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउन डिभिजन बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायी |
|---|---|---|---|
| १. | DROTLR-337165-2071/072-38 | वसन्तपुर चैनपुर सडक मर्मत (सडक बोर्ड तर्फ) | पि.पि.नि.से., विराटनगर |
| २. | DROTLR-337355-2071/072-32 | वसन्तपुर चैनपुर सडक तथा स्टोर भवन (सम्भावित प्रादेशिक सडक ३३७३५५) | पि.पि.नि.से., विराटनगर |
| ३. | DROTLR-337320-2072/073-22 | केवा पिलुवा पुल संरक्षण (रणनैतिक सडक पुल निर्माण ३३७३२०) | पि.पि.नि.से., विराटनगर |
| ४. | DROTLR-337320-2072/073-21 | पिलुवा सभापुल संरक्षण (रणनैतिक सडक पुल निर्माण ३३७३२०) | पि.पि.नि.से., विराटनगर |
| ५. | DROTLR-337335-2071/072-48 | दिङ्ला मूलपानी सोमबारे नेपालेडाँडा रोड (सम्भावित रणनैतिक सडक ३३७३३५) | ओएसिस इन्जिनियरिङ्ग एण्ड बिल्डर्स, चितवन |
| ६. | DROTLR-CAB-1NEW-2071/72-47 | दिङ्ला बालुवा नेपालेडाँडा साल्पा रोड (निर्वाचन क्षेत्र सडक ३३७३५९) | कोशी एण्ड न्यौपाने निर्माण सेवा प्रा.लि., नयाँ बानेश्वर |
| ७. | DROTLR/337107/071/072-33 | पाङ्चा चखेवा रोड निर्माण कार्य (ब.उ.शि.नं. ३३७१०७) | भीमसेन नि.से., विराटनगर |
| ८. | DROTLR/337123/2073/074-13 | स्यावुन गाविस आईतबारे नागेश्वर गुफा सडक (क्षेत्रीय पर्यटकीय महत्वका सडक ३३७१२३ | असमी एण्ड अमिसा कन्स्ट्रक्सन, धनकुटा-६ |
| ९. | DROTLR/337123/2073/074-09 | केवाबेशी विहिवारे फाक्सी माम्लिङ रोड (क्षेत्रीय पर्यटकीय महत्वका सडक ३३७१२३) | सदिक्षा थुलुङ्ग कन्स्ट्रक्सन प्रा.लि., धनकुटा |
| १०. | DROTLR/337123/2072/73-04 | भोजपुर घुर्विसे बैदार दिङ्ला, तुर्केघाट देउराली फाली सडक | यु.डी. बिल्डर्स कम्पनी प्रा.लि., भोजपुर-७ |
| ११. | DROTLR/337123/2072/73-32 | तुर्केघाट देउराली फाली सडक | यु.डी. बिल्डर्स कम्पनी प्रा.लि., भोजपुर-७ |

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको २१ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/१२/१८ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल भाद्र महिना २९ गतेको "नागरीक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

**ऋणीको नाम, थर र ठेगाना :**

लक्ष्मण खातीको नाति, डिल्लीराम खातीको छोरा, झापा जिल्ला, बुधबारे उ.म.न.पा/गा.वि.स वडा नं. ४ बस्ने अम्बरप्रसाद खाती ।

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. राना ध्वज बिश्वकर्माको नाति, इन्द्र कुमार बिश्वकर्माको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २२ बस्ने शिव कुमार विश्वकर्मा (लामिछाने) ।

२. स्व. डम्बर सिंह विश्वकर्माको छोरी, अम्बरप्रसाद खातीको श्रीमती, सुनसरी जिल्ला, धरान गा.वि.स./उ.म.न.पा वडा नं. १५ बस्ने पुजा विश्वकर्मा ।

**धितो सुरक्षणको विवरण :**

ऋणी अम्बरप्रसाद खातीको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४ट) को कित्ता नं. क्रमशः २५, २८, २९, ३१, ३७, ३८, ३९ र २२४ को क्षेत्रफल क्रमशः ०-०-३-०, ०-६-२-०, १-९-२-०, १-४-०-०, ०-१२-०-०, ४-२-२-०, ६-४-०-० र ०-२-१-० (रो.आ.पै.दा) रहेको जग्गामा बनेको सनराईज एपार्टमेन्ट प्रा.लि.द्वारा निर्मित सनराईज एपार्टमेन्टको ब्लक नं. वि.आई.को बाह्रौ तल्लाको फ्ल्याट नं. एफ-१२-१४४ को जम्मा बर्गफुट १३७०.०७ क्षेत्रफल र आवस ईकाइले चर्चेको लिग लगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा यस बैंकको कुनै पनि शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल वैशाख महिना ०७ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल वैशाख महिना ०९ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## कुबेतमा रोजगार

कम्पनीः TEN TO TEN BEAUTY SALOON FOR LADIES — शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/१२/१२ — चलानी नं.: ६०२३५११७ — L.T. No.: 321042

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६६,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Make Up Artist | 0 | 3 | | 150 | ६६,३७६ | | | | | | | |
| 3. | Manicurist/Nail Technician | 0 | 3 | | 150 | ६६,३७६ | | | | | | | |
| 4. | Massage Therapist | 0 | 3 | | 150 | ६६,३७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २५ गते (7 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

JobSpot International Pvt. Ltd. Lic. No.: 835/066/067
**जबसपट इन्टरनेशनल प्रा.लि.**
चप्पल कारखाना-०४ काठमाडौं, फोनः ४०१५५००,४०१५६००,४०१५५१६, फ्याक्स : ४०१५७०६

## यूएईमा रोजगार

कम्पनी : EMFAM INTEGRATED HOSPITALITY SERVICES LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/१७ — चलानी नं.: ६०२३५४३९ — LT. No.:321328

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (General) | 78 | 8 | स. काममा दक्ष | 1000 | ३७,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २५ गते (7 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**M.B. Human Resource Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9814067324/ 9849362405/ 9851168891/ 9841374012

## यूएईमा रोजगार

कम्पनीः ALMEZIN GENERAL CONTRACTING L.L.C. — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ — चलानी नं.: ६०२३५३७० — L.T. No.: 321086

